# श्री चन्द्रागिरि नगरपालिका न्यायिक समिति

चन्द्रागिरि नगरपालिका न्यायिक समिति

संयोजक : श्री बसन्ती श्रेष्ठ

सदस्य : श्री रत्नलाल श्रेष्ठ

**बाट भएको निर्णय :**

मुद्दा नं. : ०८१-०१-००५

निर्णय नं. २६

दायरी मिति : २०८१/१०/०४

निर्णय मिति : २०८२/०१/०१०

| | |
|---|---|
| प्रेम बहादुर थापाको नाति अर्जुन थापा क्षेत्रीको छोरा काठमाडौं जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. १५ बस्ने वर्ष ३३ को अब्जित थापा ......................................१ | उजुरीकर्ता वादी |

**विरुद्ध**

| | |
|---|---|
| काठमाडौं जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. १५ मा अवस्थित सिभिल आवास कल्याणकारी समाज ......................................................................१ | विपक्षी प्रतिवादी |

**मुद्दा :- जग्गा मिचि सार्वजनिक बाटो बन्द गरेको हुँदा मिचिएको जग्गा फिर्ता गरी बन्द गरेको बाटो खुलाई पाउँ ।**

**वादीको साक्षी :**

**प्रमाणः**

क) जग्गाधनि प्रमाण पुर्जाको प्रतिलिपी .............१

ख) नागरिकता प्रमाण पत्रको प्रतिलिपी ..............२

ग) बुवाको मृत्यु दर्ता प्रमाण पत्रको प्रतिलिपी ......१

घ) नापी नक्सा ..................................................२

ङ) मालपोत असुली रसिदको प्रतिलिपी ..............१

**प्रतिवादीको साक्षी :**

क) चन्द्रागिरि नगरपालिका वडा नं. २ बस्ने शिव प्रसादको छोरा वर्ष ५९ को शिवजी ढकाल ........................१

ख) ऐ.ऐ. बस्ने राम बाबु ढकालको छोरा वर्ष ३३ को मधुसुदन ढकाल ..............................................१

**प्रमाण :**

क) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी ...........१

न्यायिक समितिबाट बुझेको :

साक्षी :

**प्रमाणहरू :**

क) जिल्ला काठमाडौं, तिनथाना गा.वि.स. वडा नं. ६ र ७ को नापी नक्सा प्रमाणीत ............... २

ख) मालपोत श्रेस्ता प्रमाणीत ........................................................................................ ८

**वादीको दावीको संक्षिप्त व्यहोरा :**

काठमाडौं जिल्ला, तिनथाना गा.वि.स. वडा नं. ७ कि.नं. ४५२ को क्षेत्रफल १-०-२-३ जग्गामा खेती गर्दै आईरहेको उक्त जग्गाको दक्षिण तर्फको कि.नं. ४६६ र कि.नं. ९३३ को बिच भागमा रहेको कि.नं. १०४० को सार्वजनिक बाटोबाट हिड्डुल गर्दै आईरहेकोमा सिभिल आवास कल्याणकारी समाजले उक्त बाटोमा जस्ताकोबार लगाई आवत जावत गर्ने कार्यमा रोक लगाएकोले उक्त बाटो खुलाउनको लागी टोल समाजका भद्रभलादमीको आग्रहलाई समेत अस्विकार गरी काठमाडौं जिल्ला, तिनथाना गा.वि.स. वडा नं. ७ कि.नं. ४५२ को क्षेत्रफल १-०-२-३ को जग्गामा बिपक्षीको मिलेमतोमा मेरो बुवाको नामको कि.नँ. ४५२ को पूर्व दक्षिण अन्दाजी ५ फिट जग्गा मिचि च्यापी अतिक्रमण गरी उपभोग समेत गरेको हुँदा उक्त जग्गा नापजाँच गरी एकिन गराई म र मेरो परिवार समेतले परापूर्वकाल देखि हिडडुल गरेको बाटो प्रयोग गर्नबाट बञ्चित गराएकोले नेपालको संबिधानको धारा २५ ले प्रदान गरेको सम्पत्ति उपभोग गर्ने अधिकारबाट समेत बञ्चित गराएको हुँदा मुलुकी देवानी संहिता, २०७४ को दफा २७७, ३७१ (१) तथा स्थानिय सरकार सञ्चालन ऐन २०७४ को उपदफा (१) को देहाय (ठ) बमेजिम बाटो अतिक्रमण गरिएको सार्वजनिक बाटो खुलाई म पिडितलाई न्याय गरि पाउँ भनि वादी अब्जित थापाको उजुरी माग दावी रहेको छ ।

**प्रतिवादीको प्रतिदावीको संक्षिप्त व्यहोरा :**

सिभिल होम प्रा.ली. ले करिब २१ वर्ष अगाडि निर्माण गरेको संयुक्त आवास खरिद गर्ने खरिदकर्ताहरूले संयुक्त आवासको स्वामित्व सम्बन्धि ऐन, २०५४ को दफा २४ बमोजिम सिभिल आवास कल्याणकारी समाजले संयुक्त आवास व्यवस्थापन, संरक्षण, रेखदेख, मर्मत तथा स्याहार संभार गर्ने एवं पारस्परिक सामाजिक व्यवहार, सद्भाव एवं एकता कायम गर्दै सामुहिक हक हितको लागि २०७१ सालमा स्थापित गैह्र नाफामुलक संस्था हो । यस संस्था सिभिल होम प्रा.लि. को धनि भई संयुक्त आवास निर्माण समेत नगरेको हुँदा संयुक्त आवास निर्माण गर्ने संस्था सिभिल होम प्रा.लि. भएकोले यसै संस्थालाई विपक्षी नबनाई दायर गरेको उजुरी निवेदन Doctrine of Essential Party आधारमा खारेजी भागी छ । सार्वजनिक बाटो, परापुर्वकाल देखी प्रयोग गर्दै आएको बाटोमा रोक लगाएको एवं मुलुकी देवानी संहिता, २०७४ को दफा २८६ र दफा ३८२ मा तोकिएको हदम्याद भित्र दायर नभएको र विपक्षीका बुवाले आफ्नो जग्गा अतिक्रमण भयो भनि उजुर बाजुर गर्नु भएको छैन र जग्गाधनि नै नभएको व्यक्तिले जग्गा अतिक्रमण भयो भनि केवल मनोगत आधारमा १०४० को जग्गामा कुनै पनि बाटो नरहेको हुँदा उक्त जग्गाबाट अन्यत्र निस्कने निकास समेत नरहेको विषयमा सार्वजनिक बाटो रहेको र परापुर्वकाल देखि

नै उपभोग गरेको भनि लिनुभएको जिकिर पुग्न सक्दैन । तत्कालिन गा.वि.स. को समेत सहमति बमोजिम संयुक्त आवासको स्वमित्व सम्बन्धि ऐन, २०९ को आधारमा कम्पाउण्ड वाल लगाईएको हुनाले सो कार्यलाई परापुर्वककालदेखि चलिआएको सार्वजनिक बाटो हो भन्ने तथ्यगत आधार प्रमाण विपक्षीले कहि कतै दिन सकेको अवस्था देखिदैन । यसै सम्बन्धमा ने.का.प. २०५२ अंक ३ नि.नं. ५०७२ चन्द्रिकानन्द खरेल वि. सोमेन्द्र नेवा समेत भएको सार्वजनिक बाट्टो कायम मुद्दामा प्रमाण पुऱ्याउनुपर्ने दायित्व भएका वादीले सोको प्रमाण दिन नसकेको अवस्थामा अदालतले अनुमानको आधारमा ६ फिटको बाटो कायम गर्न नमिल्ने । परापूर्व देखि हिँडी आएको ६ फिटको बाटोको प्रमाण पुग्न आएको अवस्थामा मात्र जग्गा आवाद गर्नेको ४ नं. बमोजिम अरुको जग्गा भए पनि परापूर्व देखिको ६ फिटको बाटो कायम गर्नुपर्ने हुन्छ । सोको समर्थन हुने प्रमाणको अभाव छ भने जग्गा आवाद गर्नेको ४ नं. लाई आकर्षित गर्ने अवस्था नरहने भन्ने नजिर सिद्धान्त प्रतिपादन भएको अवस्थामा विपक्षी वादीले प्रमाणहिन रुपमा दुःख हैरानी दिने नियत राखि हकदैया विहिन व्यक्तिले दायर गरेको मुद्दा मुलुकी देवानी संहिता, २०७४ को दफा २८६ र ३८२ मा तोकिएको हदम्याद भित्र दायर नभएको हुँदा खारेज भागी छ, खारेज गरी पाउँ भन्ने व्यहोराको प्रतिवादी सिभिल आवास कल्याणकारी समाजको प्रतिउत्तर जिकिर रहेको छ ।

**वादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :**

वादी अब्जित थापाले जग्गा दर्ता प्रमाण पूर्जा र नापी नक्सा राखेको देखिन्छ ।

**प्रतिवादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :**

**दुवै पक्षबाट उपस्थित भएका कानुन व्यवसायीको बहसको मुख्य बुँदा :**

वादीले परापूर्वकाल देखि हिँडीआएको सार्वजनिक बाटोको निकास बन्द गरेकोले खुलाई पाउँ भनि राख्नु भएको कुरा सुनियो ।

प्रतिवादीले विपक्षी वादीले माग दावी बमोजिमको प्रमाण दिन सकेको अवस्था समेत नहुँदा हदम्याद भित्र दायर नभएको उजुरी खारेज गरी पाउँ भनि राख्नु भएको कुरा सुनियो ।

**दुवै पक्ष बिचमा फरक परेको विषय :**

जग्गा मिचि सार्वजनिक बाटो बन्द गरेको हुँदा मिचिएको जग्गा फिर्ता गरी बन्द गरेको बाटो खुलाई पाउनु पर्ने हो होइन भन्ने विषयमा मुख नमिलेको देखिन आयो ।

## निर्णय खण्ड

नियम बमोजिम दैनिक पेशी सूचीमा चढि इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल अध्ययन गरी हेर्दा माग वादी बमोजिम जग्गा मिचि सार्वजनिक बाटो बन्द गरेको हुँदा मिचिएको जग्गा फिर्ता गरी बन्द गरेको बाटो खुलाई दिनुपर्ने हो होईन भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो । निर्णय तर्फ विचार गर्दा विवादित स्थानमा परापूर्वकालदेखि सार्वजनिक रुपमा प्रयोग हुँदै आएको सार्वजनिक बाटो रहेको भनि वादीले उजुरी-पत्रमा मागदावी उल्लेख गर्न सकेको देखिदैन केवल उजुरी कर्ताले कि.नं. ४५२ को जग्गामा खेती कमाईको लागि प्रयोग गर्दै आएको भन्ने सम्म रहेको देखिन्छ ।

प्रतिवादी सिभिल आवास कल्याणकारी समाज सामुहिक हक हितको लागि २०७१ सालमा स्थापित गैह्र नाफामुलक संस्था देखिन्छ । प्रस्तुत विवादमा सिभिल होम प्रा. लि. को जग्गाधनि भई संयुक्त आवास

निर्माण समेत नगरेको हुँदा संयुक्त आवास निर्माण गर्ने संस्था सिभिल होम प्रा.लि. भएकोले सोहि संस्थालाई विपक्षी नबनाई दायर गरेको उजुरीमा वादीको जग्गा खिचोला गरेको भनि मिल्ने अवस्था समेत देखिएन ।

प्रस्तुत विवाद स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ४७ को उपदफा (१) को देहाय (ठ) बमोजिम न्यायिक समितिबाट सुनुवाई गर्न सकिने नै हुँदा यस विवादमा समितिको मिति २०८१/११/१३ गतेको आदेशानुसार श्री १५ नं. वडा कार्यालयको मेलमिलाप केन्द्रमा पठाइएकोमा मेलमिलापको पक्षहरू बिचमा मिलापत्र नहुने गरी टुङ्गो लागेको भनि मेलमिलाप केन्द्रबाट दर्ता नं. ५८५९ दर्ता मिति २०८१/१२/१४ बाट प्रतिवेदन समेत प्राप्त हुन आएकोमा पुनः मेलमिलापको प्रयास गर्नुहोस् भनि पक्षहरूलाई सम्झाई बुझाई गर्दा मेलमिलापबाट विवाद समाधान समेत हुन सकेन ।

गणेश प्रसाद चापागाई विरुद्ध भद्रपुर नगरपालिकाको कार्यालय, भद्रपुर समेतको उत्प्रेषण/प्रतिषेध मुद्दा नं. ०७५-WO-०११९, ने.का.प. २०७६, अंक ९ नि.नं. १०३६३ को मुद्दामा भएको व्याख्या समेतका आधारमा जग्गाधनि नै नरहेको संस्थाले बाटो बन्द गरी जग्गा खिचोला गरेको भनि मान्न मिलेन । प्रतिवादी संस्था जग्गाधनि हो भनि वादीले देखाउन सकेको पनि पाईदैन । मौजुदा कानूनी व्यवस्था अनुसार प्रमाण पुऱ्याउनु पर्ने दायित्व भएका वादीले सोको प्रमाण दिन नसकेको अवस्थामा न्यायिक समितिले अनुमानको आधारमा सार्वजनिक बाटो कायम गर्न नमिल्ने भएकोले यस विवादमा न्यायिक समितिले उल्लेखित नजिर सिद्धान्तको आधारमा अधिकारक्षेत्र ग्रहण गरी निर्णयमा पुग्न मिल्ने नदेखिएकोले अरुमा तपसिल बमोजिम गर्ने गरी मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १६ (१) को आधारमा प्रस्तुत मुद्दा खारेजी गर्ने निर्णय गरियो ।

## तपसिल खण्ड :

(क) माथि निर्णय खण्डमा लेखिए बमोजिम वादीको फिराद दावी खारेज भएकोले वादीलाई यस समितिबाट भएको निर्णयमा चित्त नबुझे श्री काठमाडौं जिल्ला अदालतमा पुनरावेदन गर्न जाने प्रयोजनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५१ बमोजिम ३५ दिने पुनरावेदनको म्याद दिनु ............ १

(ख) सरोकारवालाले नक्कल मागे नियमानुसार लाग्ने दस्तुर लिई रित पुऱ्याई नक्कल दिनु ............ २

(ग) प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी निर्णयको विद्युतीयप्रति पालिकाको वेवसाइट प्रणालीमा अपलोड गरी मिसिल अभिलेख शाखामा बुझाईदिनु । ............ ३

रत्नलाल श्रेष्ठ
सदस्य

बसन्ती श्रेष्ठ
संयोजक

**निर्णय तयार गर्न सहयोग पुऱ्याउने**

चिरञ्जीवी खड्का

**न्यायिक सहजकर्ता**

निरञ्जन गोपाल बर्तौला शर्मा

इति सम्वत् मिति २०८२ साल बैशाख महिना १० गते रोज ०४ शुभम् ............